# राज्य व्यवस्था तथा सुशासन समिति

बैठक सङ्ख्याः **३१**

मितिः **२०८१/०४/१६, बुधबार,**

समयः **बिहान ११:०० बजे**

**निर्णय**

१. समितिको आजको बैठकमा देशको शान्ति सुरक्षा र कारागार व्यवस्थापन सम्बन्धी विषयमा बृहत छलफल भयो।

२. यस बैठकमा गृह मन्त्री माननीय श्री रमेश लेखक, रक्षा मन्त्री माननीय श्री मानविर राई, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री माननीय श्री राजकुमार गुप्ता, आमन्त्रीत गृह सचिव श्री एकनारायण अर्याल, प्रहरी महानिरीक्षक श्री वसन्त बहादुर कुँवर, सशस्त्र प्रहरी महानिरीक्षक श्री राजु अर्याल र कारागार व्यवस्थापन विभागका महानिर्देशक श्री जयनारायण आचार्य समेतको उपस्थितिमा देशको समग्र शान्ति सुरक्षाको वर्तमान अवस्था र कारागार व्यवस्थापन सम्बन्धमा सरकारको भुमिका, कारागारको भौतिक पूर्वाधारको वर्तमान अवस्था, विद्यमान समस्या र समाधानका उपायहरुका साथै  विपद जन्य जोखिम न्युनिकरण र त्यसको व्यवस्थापनमा सरकारले गरेका कार्यहरुको सम्बन्धमा छलफल भयो ।

३. समितिको ३० (तिस) औं बैठकमा समितिमा प्राप्त विधेयक र अन्य विषयका सम्बन्धमा प्राथमिकता निर्धारण गर्ने प्रयोजनका लागि गठन गरिएको एजेण्डा निर्धारण उपसमितिमा माननीय श्री बुद्धिमान तामाङज्यूलाई समेत सदस्यमा थप गर्ने निर्णय गरियो।